# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं ८, असोज/कार्तिक २०७९ September/October 2022


## उद्योग वाणिज्य संघ-चितवनका सदस्यले नारायणी सामुदायिक हस्पिटलमा छुट पाउने ।



उद्योग वाणिज्य संघ-चितवनका सदस्य उद्योगी व्यवसायीलाई नारायणी सामुदायिक हस्पिटल भरतपुरले स्वास्थ्य सेवामा सहुलियत दिने भएको छ । उद्योग वाणिज्य संघ-चितवन र हस्पिटल बिच मिति २०७९ कार्तिक १५ गते छुट दिने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको थियो। उद्योग वाणिज्य संघ-चितवनले संघको संस्थागत उत्तरदायित्व अर्न्तगत रहि संघमा आवद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने

...बाँकी ३ नं. पेजमा

## खाद्य सुरक्षा व्यवस्थापनको महत्त्व सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको साभाहलमा मिति २०७९ कार्तिक १७ गते एक दिवसिय खाद्य सुरक्षा व्यवस्थापनको महत्त्व सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। USAID , फूड इन्टरप्राइजेज सोलुसन्स (FES) र उद्योग वाणिज्य संघ-चितवनको सयुक्त आयोजनामा खाद्य सुरक्षा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । खाद्य उद्योगी व्यवसायीहरूले उत्पादन गरेको वस्तुलाई गुणस्तर र सुरक्षा व्यवस्थापनको महत्त्वका बारे मा जानकारी गराउने उद्देश्यले यस कार्यक्रम


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality



प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

### प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत



आयोजना गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले उद्योगी व्यवसायीले उत्पादन गरेका वस्तुहरू गुणस्तरीय बनाउन सकिएमा विश्व बजारमा हाम्रा वस्तुहरूको बिक्री वितरण गर्न सकिने र यस कार्यक्रमले गुणस्तरीय वस्तु उत्पादन गर्न आवश्यक वास्तुस्थितिका बारेमा जानकारी हुने बताउँदै उहाँले यही पौष २५ गतेदेखि माघ ४ गतेसम्म सञ्चालन गर्न लागिएको चितवन महोत्सव-२०७९ मा मेड-इन चितवन, मेड-इन नेपाल र घरेलु उत्पादनहरूको प्रवर्द्धनमा जोड दिने बताउनुभयो। कार्यक्रममा बोल्दै USAID नेपालका प्रमुख फईन्द्र पाण्डेले नेपाल खाद्य सुरक्षा र खाद्य सुरक्षा सम्बन्धी प्रावधानहरू, खाद्य सुरक्षा गर्नुका उद्देश्यहरू, खाद्य सुरक्षा चुनौतीका बारेमा जानकारी दिँदै उहाँले हामी राष्ट्रिय खाद्य सुरक्षा सम्बन्धी नीति नियम निर्माता नभएकोले हामी सहजकर्ता भएको समेत जानकारी गराउँदै उहाँले व्यवसायीहरू सँगै बसेर व्यवसाय प्रवर्द्धनमा सहयोग गर्ने बताउनुभयो। कार्यक्रममा प्रमुख प्रस्तोता नेपाल खाद्य स्वच्छता (BD4FS), फूड इन्टरप्राइजेज सोलुसन्स (FES) का प्रशिक्षक निर्वेक श्रेष्ठले खाद्य स्वच्छताका आधारभुत आवश्यकता, स्वच्छ तथा उपभोग्य वस्तु, खाद्य वस्तुमा हुने जिवाणु, खाद्य स्वच्छता र खाद्य स्वच्छता व्यवस्थापन प्रणाली बिच फरक, खाद्य स्वच्छता व्यवस्थापनको भूमिका, उद्योगहरूको डिजाईन, निर्माण, सरसफाइ, मर्मत सम्भार, आपूर्तिकर्ताको व्यवस्थापन, बाह्य वस्तुको नियन्त्रण, संक्रमणको नियन्त्रण, भण्डारणका साथै फोहोर व्यवस्थापन गर्ने तरिकाहरूका बारेमा जानकारी दिँदै उहाँले सहभागीहरूका गुनासाहरू सम्बोधन गर्नुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्ष राजेन्द्र ओली, उद्योग वाणिज्य संघ चितवनको तालिम संयोजक योगिता पिया, कार्यसमिति सदस्यहरू,

होटल व्यवसायी, तरकारी तथा फलफुल व्यवसायी, माछा, मासु, डेरी, खाद्यन्न व्यवसायी गरी ७० जना व्यवसायीहरूको सहभागिता रहेको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रम उद्योग वाणिज्य संघ चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो।

*...बाँकी*

व्यवस्था गरिएको संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभयो। सम्झौता पत्रमा हस्ताक्षर गर्दै श्रेष्ठले आफ्ना सदस्यलाई दिने सेवा सुविधा बृद्धि गर्नको लागि संघ प्रयत्नशिल रहेको बताउँदै स्वास्थ्य सेवा सहुलियत उपलब्ध गराउने नारायणी सामुदायिक हस्पिटलप्रति आभार व्यक्त गर्नुभयो। कार्यक्रममममा नारायणी सामुदायिक हस्पिटलका प्रशासकिय अधिकृत अरुण लम्सालले उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यलाई सेवा सुविधा दिन पाउँदा खुशी लागेको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका छुट उपलब्ध गराउँदै लैजाने बताउनुभयो। सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यहरूले संघबाट छुटको परिचय-पत्र सहित सदस्यता परिचय पत्र देखाउनु पर्ने तर संघको सदस्यता नवीकरण भएको हुनुपर्ने संघका कार्यकारी निदेशक निलबहादुर केसीले जानकारी दिनुभयो। सदस्यहरूले ओ.पि.डि. टिकट, सीटी स्क्यान र ईम्प्लान्ट बाहेकका अन्य सम्पूर्ण सेवामा १५ प्रतिशत छुट पाउने कार्यकारी निदेशक केसीले बताउनुभयो। साथै सदस्य व्यवसायीका परिवारका अन्य सदस्यहरूले समेत सो सुविधा प्राप्त गर्ने नारयणी सामुदायिक हस्पिटलका प्रशासकिय अधिकृत अरुण लम्सालले बताउनुभयो। सम्झौता पत्रमा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ र नारायणी सामुदायिक हस्पिटलका प्रशासकिय अधिकृत अरुण लम्सालले हस्ताक्षर गर्नुभएको हो। सम्झौतामा हस्ताक्षर कार्यक्रममा संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी र कार्यकारी निर्देशक निलबहादुर केसीको उपस्थिति रहेको थियो।

## बैंकको चर्को ब्याजदर विरूद्ध चितवनका व्यवसायीले चरणबद्ध आन्दोलन गर्ने



कोभिड १९ को महामारीका कारण मुलुकको अर्थतन्त्र अत्यन्तै प्रभावित भएको र रसिया-युक्रेन युद्धका कारण निजी क्षेत्रलगायत अर्थतन्त्रनै धरापमा परेको एवम् मुलुकको अर्थतन्त्रमा चौतर्फी दवाव परिरहेको र निजी क्षेत्रले आफ्नो व्यवसायिक अवस्थालाई पुन:जागृत गर्नुपर्ने अवस्थामा पछिल्लो समय बैंक तथा वित्तिय संस्थाद्वारा गरिएको चर्को व्याजदर बृद्धिले व्यवसायीलाई निकै आहत पुगेको भनि चितवनका व्यवसायीहरूले संयुक्त रुपमा चरणबद्ध आन्दोलनका कार्यक्रमहरू गर्ने भएका छन्। मुलुकको कुल ग्राहस्थ उत्पादन र रोजगार सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको निजी क्षेत्रमाथि समय-समयमा थपिने आर्थिक भार, नेपाल

सरकारबाट लागू गरिने आर्थिक नीति तथा औद्योगिक एवम् व्यवसायिक विकास प्रतिकूलका प्रावधानहरूले निजी क्षेत्र धरासायी बनेकोले आन्दोलनका कार्यक्रमहरू गर्न लागिएको उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले बताउनुभयो । नेपाल राष्ट्र बैंकले लागू गरेको चालु पूंजी मार्गनिर्देशन र सोही मार्गनिर्देशनको आडमा वर्तमान आर्थिक मन्दिको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूले मनोमानी रूपमा गरेको ब्याजदरका कारण व्यवसायिक समुदाय थला परेकोले यसको विरुद्ध समय समयमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा सम्बन्धित निकायमा ज्ञापन पत्र बुझाउने, प्रेस विज्ञप्ति प्रकाशन गर्ने कार्य यस पूर्वनै गरिएको भएतापनि हालसम्म माग सम्बोधन नभएकोले आन्दोलनका कार्यक्रम तय गरिएको उवासंघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले बताउनुभयो । उद्योग वाणिज्य संघ चितवनको आयोजनामा आज संघको सचिवालयमा वसेको रत्ननगर उद्योग वाणिज्य संघ, खैरहनी उद्योग वाणिज्य संघ र राप्ती उद्योग वाणिज्य संघका अध्यक्ष एवम् पदाधिकारीको वैठकले चरणवद्ध आन्दोलन गर्ने निर्णय गरेको हो । मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउँदै आयात प्रतिस्थापनका लागि संघर्षरत निजी क्षेत्रलाई यसरी अवैज्ञानिक रूपमा बृद्धि गरिएको ब्याजदरले उद्योग व्यवसायनै बन्द गरी विस्थापित हुनुपर्ने वाध्यात्मक परिस्थिति सिर्जना गरेको वैठकले निचोड निकालेको छ । साथै वैठकले नेपाल उद्योग वाणिज्य महासंघलाई पनि विरोधका कार्यक्रम आयोजना



गर्न दवाव दिने निर्णय गरेको उद्योग वाणिज्य संघ चितवनका कार्यकारी निर्देशक निलबहादुर केसीले जानकारी दिनुभयो । संयुक्त वैठकमा उवासंघ चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्ष चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, रत्ननगर उवासंघका अध्यक्ष अनिलकृष्ण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष शंकरी गिरी, खैरहनी उवासंघका अध्यक्ष दिपेन श्रेष्ठ, राप्ती उवासंघका वरिष्ठ उपाध्यक्ष मार्कन्ड गौतम लगायतका नेतृत्व तहका व्यवसायीहरूको उपस्थिति रहेको थियो । वैठकले यही मंसीर २० गते बैंकर्ससँग छलफल गर्ने, २१ गते संयुक्त पत्रकार सम्मेलन गर्ने, २२ र २३ गते रत्ननर, खैरहनी र राप्तीमा शान्तिपूर्ण विरोध र्‍याली आयोजना गर्ने, र २४ गते भरतपुरमा वृहत् शान्तिपूर्ण विरोध र्‍यालीको आयोजना गर्ने निर्णय गरेको संघले जनाएको छ । साथै वैठकले तत्पश्चात पनि माग सम्बोधन नभएमा सशक्त आन्दोलन गर्ने निर्णय गरेको छ ।

## व्यवसाय प्रवर्द्धन तथा नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको साभाहलमा मिति २०७९ कार्तिक १९ गते एक दिवसीय व्यवसाय प्रवर्द्धन र नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवन र पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा चितवनको संयुक्त आयोजनामा व्यवसाय प्रवर्द्धन तथा नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो । पुस्तक तथा स्टेशनरी व्यवसायीलाई लक्षित गरी कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका

निवर्तमान अध्यक्ष मनहरी वस्यालले पुस्तक तथा स्टेशनरी व्यवसायको प्रकृति थोरै पुँजीले व्यवस्थीत गर्न सकियो भने मात्र व्यवसायमा सफल हुने बताउँदै उहाँले व्यवसायीहरूको हकहितको लागि केन्द्रीय समिति लागिरहने बताउनुभयो । कार्यक्रममा बोल्दै विशिष्ठ अतिथि उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले नेपाल राष्ट्र बैंकले जारी गरेको चालु पूँजी मार्गदर्शन २०७९ अधिनमा रही बैंकहरूले गरेको व्याजदर वृद्धि विरुद्ध उद्योग वाणिज्य संघ-चितवन लागिरहेको बताउँदै, यही पौष २५ गते देखि माग ४ गतेसम्म आयोजना गर्न लागिएको चितवन महोत्सव-२०७९ मा प्रदर्शकको रूपमा या त्यसै भएपनि महोत्सव सफल बनाउन सहयोग गर्न व्यवसायीहरूलाई आग्रह गनुभयो । कार्यक्रममा प्रशिक्षण गर्दै प्रमुख प्रशिक्षक रविनकुमार कटुवालले व्यवसाय प्रवर्द्धनमा नेतृत्व विकासको भूमिका विषयमा व्यवसायीहरूलाई प्रष्ट पार्नुभएको थियो । कार्यक्रममा पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका उपाध्यक्ष किरणकुमार खनाल, पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका महासचिव शिवसागर शर्मा, पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा चितवनका निवर्तमान अध्यक्ष राजेन्द्र तिवारी, पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा चितवनका कार्यक्रम संयोजक काजिराम चौधरीले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघका बस्तुगत अध्यक्षज्यूहरू, पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा चितवनका कार्यसमिति पदाधिकारी र व्यवसायी गरी १५० जनाको उपस्थिति रहेको थियो । पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा चितवनका अध्यक्ष उद्योग विक्रम बानियाको अध्यक्षतामा सम्पन्न कार्यक्रम पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ जिल्ला शाखा चितवनका महेन्द्र कोइरालाले सञ्चालन गर्नुभएको थियो ।

## उद्योगी व्यवसायी र बैंक तथा वित्तीय संस्थाहरू बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ चितवनको साभाहलमा मिति २०७९ कार्तिक २० गते एक दिवसीय उद्योगी व्यवसायी र बैंक तथा वित्तीय संस्थाहरू बिच छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा उद्योगी व्यवसायी र बैंक तथा वित्तिय संस्थाहरू बिच छलफल तथा अन्तरक्रिया कार्यक्रम

सम्पन्न भएको थियो । कार्यक्रममा व्यवसायीहरूले यदि बैंकहरूले व्याजदर घटाउने कार्य नभएमा अन्तत बैंक तथा वित्तिय संस्थानै डुब्ने बताए भने बैंकरहरूले यो अवस्था सृजना हुनमा मुद्रास्फिती र नीतिगत निर्णय भएको बताएका थिए । बैंकरहरूले नीति निर्माण तहमा पहल गर्न अनुरोध गर्दै व्यवसायीका गुनासाहरू आ-आफ्नो केन्द्रीय तहसम्म सम्प्रेषण गर्ने बताए । बैंकको व्याजदर वृद्धिका सम्बन्धमा व्यवसायीहरूको जिज्ञासा र बैंकमा व्याजदर वृद्धि भएको कारणको बारेमा जानकारी लिनका लागि यस कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ- चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले उद्योगी व्यवसायीहरू कोभिड १९ का कारण सिथिल बनेको यस विषम परिस्थितिमा बैंकले व्याजदर वृद्धि गरेर अझ शिथिल बनाएकोले व्यवसाय नै धरासायी बनेकाले व्याजदर घटाउनका लागि यहाँका बैंकहरूले खेल्ने भूमिकाका बारेमा बैंकहरूलाई प्रश्न गर्दै, उहाँले देशव्यापीरूपमा व्याजदर वृद्धिका विरुद्धका विरोधका कार्यक्रमहरू भईरहे को र त्यसमा बैंकहरूको प्रतिक्रिया के छ जानकारी गराउनका लागि बैंकरहरूलाई अनुरोध गर्दै व्याजदर घटाउन माग गर्नुभएको थियो । कार्यक्रममा चितवन उद्योग संघका उपाध्यक्ष युगराज वस्तीले मौद्रिक नीतिमा के सुधार गऱ्यो भने व्यवसायीहरूलाई राहात हुन्छ त्यस्ता विषयहरूका बारेमा बैंकरहरूले जानकारी गराईदिएमा सम्बन्धीत निकायमा माग गर्न सहज हुने बताउनुभयो । कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओलीले बैंकहरूमा कर्जा लिँदा प्रोजेक्ट रिर्पोटमा व्याजदर अहिलेको भन्दा आधा कम थियो त्यो अवस्थामा आउन व्यवसायीको मात्र दायित्व हो र भनेर बैकरहरूलाई प्रश्न गर्नुभयो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य इमान्दु बराल, उद्योग संघ चितवनका गोपाल प्रसाद गैरे, हार्डवेयर व्यवसायी संघका पूर्व अध्यक्ष शिवप्रसाद ओझा, हार्डवेयर व्यवसायी संघका अध्यक्ष हरि गैरे, प्लाष्टिक व्यवसायी संघका अध्यक्ष रामप्रसाद गजुरेल लगायतका व्यवसायीहरूले व्याजदर वृद्धिका कारण भएको समस्याहरू राख्नुभएको थियो । बैंकर एशोसियसन वागमती प्रदेशका संयोजक साङ्ग्रीला पियाले व्यापारी र बैंक एकै रथका दुई पाङ्गा भएको बताउँदै उहाँले विश्व बजारमा नै व्याददर वृद्धि भएकोले त्यसको असर नेपालमा पनि परेका कारणले व्याजदर वृद्धि भएको बताउनुभयो । बैंकहरूका नीति निर्माता नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकहरूले बनाएको नीति नियमहरूको अक्षरस पालना गर्ने बैंहरूको कर्तव्य भएका कारण व्यवसायीहरूका गुनासा सम्बोधनका लागि हाल लागू गरिएको नीतिमा नै सुधार गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका कार्यसमिति, वस्तुगत संघका अध्यक्षज्यूहरू, चितवन बैंकर एशोसीयसनका कार्यसमिति, पदाधिकारी, विभिन्न बैंकका बैंक म्यानेजरहरू, उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक लगायत करिव १०० जनाको उपस्थिति रहेको थियो ।

## बाग्लुङ उद्योग वाणिज्य संघका महिला उद्यमी चितवनमा

उद्योग वाणिज्य संघ-चितवनले बाग्लुङ उद्योग वाणिज्य संघका महिला उद्यमी समितिको अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति २०७९ कार्तिक २२ गते संघको बैठक कक्षमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको थियो । बाग्लुङ उद्योग वाणिज्य संघका महिला उद्यमी समितिका अध्यक्ष भगवती के.सी.को नेतृत्वमा आएको भ्रम्रण टोलीलाई संघले स्वागत गरेको हो । नेपालको विभिन्न सफल उद्योग वाणिज्य संघहरूका साथै छिमेकी मुलुक भारतको सिक्कीमसम्मको अध्ययन अवलोकन गरेर फर्किने सन्दर्भमा उद्योग वाणिज्य संघ-चितवन आएको हो । स्वागत एवम् छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले




यस किसिमको कार्यक्रमले व्यावसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नसमेत सहयोग पुऱ्याउने बताउनुभयो । उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिँदै अध्यक्ष श्रेष्ठले यस संघले महिला उद्यमसीलता विकासका लागि विभिन्न सिप विकास सम्बन्धी तालिमहरू दिँदै आईरहेको र सरकारले समेत महिला उद्यमीहरूलाई प्रवर्द्धनमा ध्यान दिनुपर्ने बताउनु भयो । कार्यक्रममा बोल्दै बाग्लुङ उद्योग वाणिज्य संघ महिला उद्यमी समितिका अध्यक्ष भगवती के.सी.ले उद्योग वाणिज्य संघ-चितवनले गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षिप्त जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यबद्धताका लागि उद्योग वाणिज्य संघ-चितवनको महिला उद्यमी समितिसँग सँगसँगै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले उवासंघ चितवनबाट सिकेका कुरालाई आफ्नो संघमा पनि लागू गर्ने बताउदै उहाँले बाग्लुङमा उत्पादित घरेलु उत्पादनलाई बजारीकरणका लागि समेत सहयोगको अपेक्षा गर्नुभयो । सोही अवसरमा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले संघका विगतदेखि वर्तमानसम्मका गतिविधि लगायत आगामी कार्यक्रमहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य एवम् तालिम संयोजक योगिता पियाले बाग्लुङ उद्योग वाणिज्य संघ महिला उद्यमी समितिका उपस्थित सम्पूर्णलाई स्वागत गर्दै यही पौष २५ गते देखि माघ ४ गतेसम्म चितवन महोत्सव २०७९ आयोजना गर्न लागिएको र त्यस ठाउँको उत्पादित वस्तुको बजारीकरणको लागि महोत्सव राम्रो अवसर हुने भएकाले आउन आग्रह गर्नुभयो । कार्यक्रममा बाग्लुङ उद्योग वाणिज्य संघ महिला उद्यमी समितिका अध्यक्ष भगवती के.सी.को नेतृत्वमा महिला उद्यमी समितिका २० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका उपाध्यक्ष राजेन्द्र ओली, संघका कार्यसमिति सदस्यहरू एवं महिला उद्यमी समितिका सदस्यहरूको उपस्थिति रहेको थियो । यसै गरी बाग्लुङ उद्योग वाणिज्य संघ महिला उद्यमी समितिका पदाधिकारी कार्यसमितिको उपस्थिति रहेको थियो । टोलीले संघको सचिवालय र नारायणी नदी किनारको अवलोकन समेत गरेको थियो । कार्यक्रम उवासंघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य एवं महिला उद्यमी समितिका संयोजक पूर्णिमा श्रेष्ठले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो ।

# उद्योग वाणिज्य संघ-चितवनका सदस्यले चितवन मेडिकल कलेजमा सहुलियत पाउने



उद्योग वाणिज्य संघ-चितवनका सदस्य व्यवसायीलाई चितवन मेडिकल कलेज भरतपुरले स्वास्थ्य सेवामा सहुलियत दिने भएको छ । उद्योग वाणिज्य संघ-चितवन र चितवन मेडिकल कलेज (सिएमसी) बिच मिति २०७९ कार्तिक २९ गते छुट दिने सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । उद्योग वाणिज्य संघ-चितवनले संघको संस्थागत उत्तरदायित्व अन्तर्गत रहि संघमा आवद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरि एको संघका अध्यक्ष चुननारायण श्रेष्ठले बताउनुभयो । सम्झौता पत्रमा हस्ताक्षर गर्दै श्रेष्ठले आफ्ना सदस्यलाई दिने सेवा सुविधा बृद्धि गर्नको लागि संघ प्रयत्नशिल रहेको बताउँदै स्वास्थ्य सेवा सहुलियत उपलब्ध गराउने चितवन मेडिकल कलेजप्रति आभार व्यक्त गर्नुभयो । कार्यक्रममा चितवन मेडिकल कलेजका प्रमुख प्रशासक प्रताप देवकोटाले उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यलाई सेवा सुविधा दिन पाउँदा खुशी लागेको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका छुट उपलब्ध गराउँदै लैजाने बताउनुभयो । सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यहरूले संघबाट छुटको परिचय-पत्रसहित सदस्यता परिचय पत्र देखाउनुपर्ने तर संघको सदस्यता नवीकरण भएको हुनुपर्ने संघका कार्यकारी निर्देशक निलबहादुर केसीले जानकारी दिनुभयो । सदस्यहरूले ओ.पि.डि. टिकट, र इर्मजेन्सी सेवामा वाहेक अन्यमा २५ प्रतिशत छुट पाउने कार्यकारी निर्देशक केसीले बताउनु भयो । सम्झौता पत्रमा संघका अध्यक्ष चुननारायण श्रेष्ठ र चितवन मेडिकल कलेजका तर्फबाट प्रमुख प्रशासक प्रताप देवकोटाले हस्ताक्षर गर्नुभएको हो । सम्झौतामा हस्ताक्षर कार्यक्रममा संघका प्रथम उपाध्यक्ष चिरञ्जिवि सुवेदी, स्वास्थ्य संयोजक धनप्रसाद पोखरेल र कार्यकारी निर्देशक निलबहादुर केसीको उपस्थिति रहेको थियो । छुट सुविधा संघका सदस्यका परिवारका सदस्यले समेत प्राप्त गर्नेछन् । सदस्यको सुविधाको लागि संघले अन्य अस्पताल लगायत सेवा प्रदायकसँग पनि यस किसिमका सम्झौता गर्ने संघका अध्यक्ष चुननारायण श्रेष्ठले जानकारी दिनुभयो ।

# बैंकको ब्याजदर विरुद्ध व्यवसायी




चितवन जिल्लाका निजी क्षेत्रहरूले मिति २०७९ कार्तिक २१ गते अव्यवहारिक ब्याजदर वृद्धि खारेजीको माग गर्दै संयुक्त पत्रकार सम्मेलन गरेको थिए । उद्योग वाणिज्य संघ-चितवन, रत्ननगर उद्योग वाणिज्य संघ, खैरहनी उद्योग वाणिज्य संघ, राप्ती उद्योग वाणिज्य संघ, चितवन चेम्बर अफ कमर्श, नेपाली युवा उद्यमी मञ्च चितवनले संयुक्त पत्रकार सम्मेलन गरी ब्याजदर वृद्धिको विरोध गरेका थिए । पत्रकार सम्मेलनमा कर्जामा एक अङ्कको ब्याजदर कायम हुनुपर्ने, निक्षेप ब्याजदर एक अङ्क भन्दा बढी हुन नहुने र व्यापारमा १ देखि २ प्रतिशत मात्र व्याज थप गरी लिन पाइने गरी लगानी योग्य पूँजीको शिघ्र व्यवस्थापन हुनुपर्ने, बैंकहरूको खर्च न्यून गरी स्प्रेडदर ३ भित्र रही जोखिमका आधार दरमा बढीमा २ प्रतिशत मात्र थप प्रिमियम लिन पाइने व्यवस्था हुनुपर्ने, उत्पादनमूलक उद्योगहरू स्थापनाका लागि जोड दिँदै कर्जा प्रक्रिया सहज र शुलभ बनाउनुपर्ने, बैंकहरूले सेवा शुल्क, कर्जा स्वीकृत शुल्क, एल.सी-नेगोसिएसन शुल्कमा दोब्बर वृद्धिलाई अन्त गरी गतवर्षको भन्दा बढी लिन नपाइने व्यवस्था हुनुपर्ने, विगतमा मौद्रिक नीतिमार्फत दिइएका छुटहरू कार्यान्वयन हुनुपर्ने, हाल भएका कर्जाहरूलाई यस आर्थिक वर्षसम्म पुन:तालिकिरण गरी ब्याज बुझाउने म्याद ३५ दिन सम्मलाई नियमित मान्ने र लिलाम गर्ने प्रक्रियालाई हाल स्थगित गर्न मागकासाथै हालको बा य र आन्तरीक अवस्था उपपुक्त नभएकोले चालु पूँजी कर्जा निर्देशिका स्थगित हुनुपर्ने जस्ता मागहरू निजी क्षेत्रको रहेको थियो । वर्तमान विषम परिस्थितिमा पनि बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न कारण देखाई गरेको अव्यवहारिक, अवैज्ञानिक तथा देशको आर्थिक विकासमा प्रतिकूल हुने तवरले गरेको ब्याजदर बृद्धिप्रति विरोध स्वरूप पत्रकार सम्मेलन गरिएको उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले बताउनुभयो । यस अधि पनि प्रेस विज्ञप्ति प्रकाशन गर्ने, ज्ञापन पत्र बुझाउने, पत्राचार गर्ने लगायतका पहलबाट हालसम्म माग सम्बोधन नभएको कारण आगामी कार्यदिशा कस्तो हुने भन्ने जानकारी गराउनको लागि र व्यवसायिक मागहरू जानकारी गराउने उद्देश्यले पत्रकार सम्मेलन गरिएको जानकारी दिँदै अध्यक्ष श्रेष्ठले ब्याजदर वृद्धिको विरोधमा घोषणा गरिएका कार्यक्रमहरू हाललाई स्थगित गरिएको जानकारी दिनुभयो । नेपाल सरकारबाट लागू गरिने आर्थिक नीति तथा औद्योगिक एवम् व्यवसायिक विकास प्रतिकूलका प्रावधानहरूले निजी क्षेत्र धरासायी बनेको बताउँदै अध्यक्ष श्रेष्ठले नेपाल राष्ट्र बैंकले लागू गरेको चालु पूँजी मार्गनिर्देशन र सोही मार्गनिर्देशनको आडमा वर्तमान आर्थिक मन्दिको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूले मनोमानी रूपमा गरेको ब्याजदर बृद्धिप्रति निजी क्षेत्रको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । कोभिड-१९ को महामारीका कारण मुलुकको अर्थतन्त्र अत्यन्तै प्रभावित भएको र रसिया-युक्रेन युद्धका कारण निजी क्षेत्र लगायत अर्थतन्त्रनै धरापमा परेको एवम् मुलुकको अर्थतन्त्रमा

चौतर्फी दवाव परिरहेको बताउँदै रत्ननगर उवासंघका वरिष्ठ उपाध्यक्ष शंकर गिरीले निजी क्षेत्रले आफ्नो व्यवसायिक अवस्थालाई पुनः जागृत गर्नुपर्ने अवस्थामा पछिल्लो समय भएको ब्याजदर बृद्धिले व्यवसायीलाई निकै आहत पुगेको बताउनुभयो । मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउँदै आयात प्रतिस्थापनका लागि संघर्षरत निजी क्षेत्रलाई यसरी अवैज्ञानिक रूपमा बृद्धि गरिएको ब्याजदरले उद्योग व्यवसायनै बन्द गरी विस्थापित हुनुपर्ने वाध्यात्मक परिस्थिति सिर्जना भएको चितवन चेम्बर अफ कमर्शका उपाध्यक्ष गोपाल भट्टराईले जानकारी दिनुभयो । नेपाल सरकारले विश्वको अवस्था, मुद्रास्फीति आदिको कारण देखाई यसरी सर्वसाधारण र व्यवसायीहरूलाई हतोत्साहित गराउँदै देशको अर्थतन्त्रनै धरासायी बनाउने कार्य भएकोले उद्योग वाणिज्य संघ-चितवन लगायत चितवन जिल्लाका निजी क्षेत्रका छाता संगठनहरू चरणवद्ध शान्तिपूर्ण आन्दोलनमा जाने निर्णय भएको जानकारी गराईएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनको
### सदस्यता नविकरण गर्ने सम्बन्धी सूचना ।

उद्योग वाणिज्य संघ–चितवनको विधान (परिच्छेद ४ धारा ११) बमोजिम आ.व. २०७९/२०८० को **सदस्यता नविकरण** प्रत्येक वर्षको असोज मसान्त भित्रमा गर्नु पर्ने व्यवस्था भए पनि मिति २०७९ असोज ३० गते बसेको कार्यसमिति बैठकले २०७९ मंसिर २६ गते सम्म सदस्यता नविकरण गर्दा लाग्ने बिलम्ब शुल्क नलिने निर्णय भए बमोजिम हालसम्म पनि आफ्नो सदस्यता नविकरण नगर्नु भएका सदस्यहरूले यही **मंसिर २६ गते** भित्रमा नविकरण गर्नुहुन सूचित गरिन्छ । साथै आ.व. २०७८/२०७९ को सदस्यता नविकरण नगर्नुभएका सदस्यले समेत नियमानुसारको शुल्क बुझाएर नविकरण गर्न सकिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

>>Online Renewal Portal : www.office.ccichitwan.org.np/esewa

**विस्तृत जानकारीको लागि:**

संघको सचिवालय
भमनपा १, नारायणी मार्ग
फोन ०५६ ५९६१०८,५९६२०८, ५९६३०८
*Email: ccicchitwan@gmail.com*

# उद्योग वाणिज्य संघ-चितवनको ५६ औं वार्षिक साधारण सभा सम्बन्धी

# अत्यन्त जरुरी सूचना ।

उद्योग वाणिज्य संघ-चितवनको ५६ औं बार्षिक साधारण सभा मिति २०७९ मसिर २६ गते, तपसील बमोजीमको मिति, समय र स्थानमा हुने भएकोले उक्त साधारण सभामा सहभागी हुनका लागि सम्पूर्ण सदस्यज्यूहरुलाई बिभिन्न माध्यमबाट पत्र पठाइसकिएको छ। यदि कुनै कारणवस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारण सभामा सहभागी हुनका लागि सम्पूर्ण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

## ५६औं बार्षिक साधारण सभा समुद्घाटन कार्यक्रम

मिति : २०७९ मसिर २६ गते, सोमबार

समय : विहान ९:०० बजे

स्थान : उद्योग वाणिज्य संघ-चितवन ।

## बार्षिक साधारण सभामा छलफलका विषयहरु:

१. बार्षिक प्रतिवेदन प्रस्तुत तथा छलफल र पारित गर्ने ।

२. आ.व. २०७८।०७९ को लेखा परिक्षण प्रतिवेदन तथा वासलात प्रस्तुत, छलफल एवम् पारित गर्ने ।

३. आ.व. २०७९।०८० को अनुमानित बजेट पेश र छलफल तथा पारित गर्ने ।

४. कार्यसमिति द्वारा विभिन्न प्रस्ताव पेश र छलफल तथा पारित गर्ने ।

५. आ.व. ०७९।०८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. विविध ।

नोट: संघबाट उपलब्ध गराइएको सदस्यता परिचय पत्र वाहक (प्रोपाईटर वा मूख्य व्यक्ति ) वाहेक अन्य प्रतिनिधि चयन गर्नुपर्ने भएमा मात्र प्रतिनिधि पत्र आवश्यक पर्ने अवगत गराउदै प्रतिनिधि चयन गर्नुपर्ने फर्मले २०७९ मसिर २५ गते कार्यलय समय भित्रमा बुझाउनुपर्ने जानकारी गराईन्छ । पुनश्च: २०७९ मसिर २५ गते सम्म नवीकरण गर्ने सदस्यले मात्र साधारण सभामा भाग लिन पाउने व्यहोरा समेत सुचित गरिन्छ । प्रतिनिधि पत्र संघको सचिवालयबाट प्राप्त गर्न सकिनेछ ।

विस्तृत जानकारीको लागि:

उद्योग वाणिज्य संघ-चितवन

संघको सचिवालय
भमनपा १, नारायणी मार्ग
फोन ०५६ ५९६१०८,५९६२०८, ५९६३०८
Email: ccicchitwan@gmail.com


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७९ मंसिर ७ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ३७५० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४००० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | |
| ५. धान मोटो नया | प्रति क्वि | ३४५० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ८००० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ८५५० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ६३ |
| ९. मकै | प्रति क्वि. | ४३५० |
| १०. गहुँ | प्रति क्वि. | ५३०० |
| ११. कोदो | प्रति क्वि. | ४८५० |
| १२. फापर | प्रति क्वि. | ८२०० |
| १३. चना | प्रति के.जी. | १२० |
| १४. केराउ | प्रति के.जी. | ११० |
| १५. भटमास | प्रति के.जी. | १५० |
| १६. रहर दाल | प्रति के.जी. | १७० |
| १७. मसुरी दाल | प्रति के.जी. | १५५ |
| १८. मासको दाल | प्रति के.जी. | १६० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १८० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ९० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८५ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | . |
| घ. क्याटल फिड | प्रति के.जी. | . |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ३८ |
| २१. प्याज | प्रति के.जी. | ४७ |
| २२. तोरीको तेल | प्रति १० ली. | २४५० |
| २३. भटमासको टेल | प्रति १० ली. | २६०० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २७०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | १००० |
| २८. धनियाँ | प्रति के.जी. | २५० |
| २९. क. सुन | प्रति तोला | ९८२०० |
| ख. चाँदी | प्रति तोला | १३१० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १६४०० |
| ख. २६ गेज | प्रति वण्डल | १२९०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १२३ |
| ख. ८ मि.मि. | प्रति के.जी | १११।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०८ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०८ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७२५ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७५० |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ६०० |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ७०० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ३८० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २५० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ७५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४५० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४५० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ३६० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | १०० |
| ख. दही | प्रति लि. | ११० |
| ग. पनिर | प्रति के.जी. | ८०० |
| घ. क्रिम | प्रति लि. | ७०० |
| ङ. वटर | प्रति के.जी. | १००० |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | १००० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.............................................................

.............................................................

.............................................................

.............................................................

.............................................................

.................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०